# लमजुङ्ग विद्युत विकास कम्पनी लिमिटेडको हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७३/०६/१३)

लमजुङ्ग विद्युत विकास कम्पनी लिमिटेड नेपालको प्रचलित कानुन अन्तर्गत मिति २०५१/०१/१५ गतेका दिन नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो। यस कम्पनीमा संस्थापक शेयरधनीको रुपमा गण्डकी ईनर्जी लिमिटेडले बहुमत शेयर ग्रहण गरेको छ। यस कम्पनीको नेतृत्वमा निर्माण भएको साङ्गे जलविद्युत आयोजनाले विगत १४ बर्ष देखि विद्युत उत्पादन गरी नेपाल विद्युत प्राधिकरणलाई बेच्दै आएको छ । यस कम्पनीद्धारा प्रवर्धित राधी ४.४ मेगावाटको जलविद्युत आयोजना सफलता पूर्वक निर्माण कार्य सम्पन्न गरी २०७१ जेष्ठ देखि संचालनमा आएकोले यस कम्पनीले अन्य जलविद्युत आयोजनामा लगानी गर्ने निति अनुरुप ११ मेगावाट तल्लो खारे खोला साना जलविद्युत आयोजना , १०.३ मेगावाट (क्षमता बृद्धि भई १२ मेगावाट हुने) दोर्दी -१ जलविद्युत आयोजना, ५ मेगावाट रुकुम गाड जलविद्युत आयोजना र ४५ मेगावाट कसुवा खोला जलविद्युत आयोजनामा लगानी गर्ने योजना बनाएको छ । तल्लो खारे खोला साना जलविद्युत आयोजनाको वित्तिय व्यवस्थापन लगायतका कार्य सम्पन्न भई निर्माण कार्यको लागी ठेकेदार छनोट भैसकेको छ। त्यसैगरी दोर्दी -१ जलविद्युत आयोजना र रुकुमगाड जलविद्युत आयोजना को PPA तथा वित्तिय व्यवस्थापन सम्पन्न भई अरु कार्यहरु भैरहेको छ । ४५ मेगावाटको कसुवा खोला जलविद्युत आयोजनाको PPA सम्पन्न हुने क्रममा रहेको छ।

साङ्गे विद्युत कम्पनीले विगत १२ बर्ष देखि नियमित रुपले लाभांस दिइरहेको छ। राधी विद्युत कम्पनीले आ.व. २०७१/७२ देखि नै लाभांस दिँदैछ । खुदी हाइड्रोपावर कम्पनीको वित्तिय स्थिती सुदृढ हुदै गइरहेकोले यसले केही बर्ष भित्रै लाभांस दिने संभावना रहेको छ । न्यादी जलविद्युत आयोजनाको विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भई निर्माण कार्य अगाडी बढने क्रममा छ । तसर्थ आउदा बर्षहरुमा लेड्कोको वित्तिय स्थिति अझै सुदृढ हुदै जाने छ।

यस कम्पनीको मिति २०७३/०५/३० गतेको संचालक समितिको हकप्रद शेयर निष्काशन सम्बन्धी निर्णय भए अनुसार प्रति कित्ता रु. १०० दरको ७,६८,५३८ कित्ता शेयर (करिव १०० : ३२ को अनुपातमा अर्थात विद्यमान १०० कित्ता शेयर बराबर करिब नयाँ ३२ कित्ता शेयर) हकप्रद शेयर निष्काशन गरी मिति २०७३/०६/२८ देखि २०७३/०८/०२ गते भित्र दरखास्त साथ प्रति शेयर रु. १००/- का दरले आवेदन दिने शेयर संख्यालाई गुणन गरेर हुन आउने एकमुष्ठ नगद रकम जम्मा गरेको बैंक भौचर दरखास्त फारम साथ संलग्न गर्नुहुन जानकारी गराईन्छ । दरखास्त फारम कम्पनीको कार्यालय, त्रिपुरेश्वर तथा प्यासिफिक डेभलपमेन्ट बैंक, बेसीशहर बाट प्राप्त गर्न र त्यही बुझाउन सकिनेछ। दरखास्त फारम कम्पनीको वेब पेज www.ledco.com.np बाट पनि प्राप्त गर्न सकिनेछ तथा सो भरेको फारम र बैंक भौचरको Scanned कपी यस कम्पनीको इमेल ठेगाना ledconp@gmail.com मा पनि पठाउन सकिने छ। रकम जम्मा गर्न सकिने बैंक खाताहरु :

- एनएमबी बैंक लि., थापाथली, काठमाडौं शाखामा रहेको खाता नं.: ०७२३०४००३५६८७७००००१
- प्यासिफिक डेभलपमेन्ट बैंक लि., बेसीशहर शाखामा रहेको खाता नं.: ००१००९८२ CC
- हिमालयन बैंक लि. ठमेल शाखा रहेको खाता नं.: ०१९-००१४५४९००२७

साथै सो समय सम्म शेयर दर्ता खारेज बन्द गरिएको छ । यस सम्बन्धी अन्य जानकारीको लागी कम्पनीको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

LEDCO

लमजुङ्ग विद्युत विकास कम्पनी लिमिटेड
पो.ब.न. २०२९०, ब्लुस्टार कम्पलेक्स, त्रिपुरेश्वर, काठमाडौं
फोन नं. ४२३२७४८, ४२३२७४९, ४२३२७५०